# भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको संक्षिप्त कार्यविधि,२०७२

## १. पृष्ठभूमि

मिति २०७२ वैशाख १२ गते र त्यसपछि विभिन्न मिति एवम् समयमा गएको भूकम्पबाट प्रभावित भएका संकटग्रस्त जिल्लाहरुमा अति प्रभावित/प्रभावित (पचहत्तर प्रतिशत र पचास प्रतिशतभन्दा माथि क्षति भएका) गाउँ विकास समिति र नगरपालिकाहरुमा राहत वितरण, पुनर्वास एवम् पुनर्स्थापना लगायत विपद्पश्चातको आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment) का कार्यहरु गर्न समेत प्राविधिकसहितको एक एक वटा टोली खटाउने ब्यवस्था गर्न आवश्यक भएको सन्दर्भमा यो कार्यविधि तयार गरिएको छ।

## २. टोली गठनको उद्देश्य

क) भूकम्प पीडितहरुको सूचना संकलन गरी तत्काल राहत उपलब्ध गराउने/गराउन सहयोग पुऱ्याउने ।

ख) भूकम्प पीडितहरुको बसोबासलाई ब्यवस्थित रुपमा (एकीकृत बसोबासको अवधारणालाई समेत मध्यनजर गरी) स्थानीय स्तरको एकीकृत पुनर्वास योजना (Integrated Resettlement Plan) बनाउन सहयोग पुऱ्याउने ।

ग) भूकम्पबाट क्षतिग्रस्त सार्बजनिक संरचनाहरुको निरीक्षण गरी प्रयोग गर्न सकिने नसकिने तत्कालै निर्क्योल गरी प्रयोग वा पुनर्निर्माण गर्न सहयोग पुऱ्याउने ।

घ) विपद्पश्चातको आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment) गरी सो अनुरुप भौतिक संरचना निर्माण लगायतका सम्पूर्ण निर्माण कार्यहरु गर्न सहयोग पुऱ्याउने ।

## ३. टोलीको संरचना

भूकम्पबाट प्रभावित क्षेत्र एवम् जनतालाई राहत, पुनर्वास एवम् पुनर्स्थापना कार्यमा स्थानीय स्तरमा आवश्यक सहयोग पुऱ्याउन देहाय बमोजिमको टोली गठन गर्ने र उक्त टोलीलाई तत्कालै प्रभावित क्षेत्रमा खटाउने ब्यवस्था सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित मन्त्रालयहरुसँग समन्वय गरी मिलाउने ।

| | | |
|---|---|---|
| क) | उपसचिव /शाखा अधिकृत/विद्यालय निरिक्षक | १ |
| ख) | सिभिल इन्जिनियर/सबईन्जिनियर | १ |
| ग) | सहायकस्तर नायव सुव्वा/खरिदार | १ |
| घ) | सम्बन्धित गा.वि.स.को सचिव/नगरपालिका वडा सचिव/प्राविधिक सहायक | १ |
| ङ) | कार्यालय सहयोगी | १ |
| | **जम्मा** | **५ जना** |

प्रकरण ३ बमोजिम गठन हुने टोलीको संयोजक खटाइएको मध्य सबैभन्दा बरिष्ठ नेपाल सरकारको स्थायी कर्मचारी हुनेछ । प्रकरण ३ को (घ) र (ङ) अन्तर्गत खटिने कर्मचारी सम्बन्धित गा.वि.स. /नगरपालिकाका कर्मचारी नै हुनेछन् ।

## ४. <u>टोलीको काम कर्तब्य</u>

प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको काम, कर्तब्य र जिम्मेवारी देहायबमोजिम हुनेछ ।

क) विपद् पश्चातको क्षतिको विवरण संकलन गर्ने (स्वीकृत फर्मेट अनुसार)।

ख) आवश्यक राहत (खाद्य तथा गैरखाद्य सामग्री) आवश्यकताको आँकलन गर्ने ।

ग) राहत वितरण गर्ने / वितरणमा सहयोग पुऱ्याउने ।

घ) भूकम्पबाट विस्थापित परिवारलाई सुरक्षित अस्थायी शिविर स्थापना गरी अस्थायी रुपमा बसोबास गराउने । अस्थायी शिविरको लागि पाल उपलब्ध नभएमा स्थानीय स्रोत साधनको प्रयोग गरेर शिविर स्थापना गर्न सहयोग पुऱ्याउने ।

ङ) भुकम्पबाट क्षतिग्रस्त भएका निजी तथा सरकारी भवनहरुको निरीक्षण गरी बस्न योग्य भए नभएको यकिन गर्ने ।

च) भूकम्प प्रभावितहरुको पुनर्वासको लागि एकीकृत पुनर्वास योजना (Integrated Resettlement Plan) तर्जुमा एवम् कार्यान्वनमा सहयोग पुऱ्याउने।

च) विपद्पश्चातको आवश्यकता मूल्याङ्कन (Post Disaster Assessment) गरी सो अनुरुप भौतिक योजना, बाटो, विद्यालय, स्वास्थ्य चौकी, वस्ती स्थानान्तरण वा वस्ती एकीकृत गर्ने योजना लगायतका सबै कार्य गर्ने।

## ५. <u>बजेट ब्यवस्था</u>

क) टोलीमा खटिने कर्मचारीहरुले तोकिएको अवधिसम्म नियमानुसार दैनिक तथा भ्रमण भत्ता प्राप्त गर्नेगरी काजमा खटाइनेछ । यसरी खटिने कर्मचारीलाई दैनिक भ्रमणभत्ता सम्बन्धित कार्यालयले उपलब्ध गराउनेछ ।

ख) टोलीको कार्यसञ्चालनको लागि एकमुष्ठ २५०००।- (पच्चीस हजार) विविध खर्चको रुपमा उपलब्ध गराइनेछ । उक्त रकम सम्बन्धित जिल्ला विकास समितिले जुनसुकै रकमबाट (पछि सोधभर्ना गर्ने गरी) उपलब्ध गराउने छ ।

ग) टोलीको लागि आवश्यक पर्ने पाल, म्याट्रेस, स्लिपिङ्ग ब्याग एवम् टर्च लाईट सम्बन्धित कर्मचारी आफैंले खरिद गरी लैजाने र सोको भुक्तानी सम्बन्धित कार्यालयले उपलब्ध गराउने छ ।

घ) भ्रमण खर्च नियमावली, २०६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि भूकम्प पछिको राहत तथा उद्धार कार्यमा खटिने कर्मचारीहरुलाई ७ दिनभन्दा बढी काज खटिए पनि निजहरु खटिएको अवधिसम्म पूरा दैनिक भ्रमणभत्ता उपलब्ध गराइनेछ ।

## ६. समन्वय

भूकम्प प्रभावित क्षेत्रमा खटिने टोलीले आफ्नो काम, कर्तब्य र जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पन्न गर्न देहायका निकाय/पदाधिकारीहरुसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्ने छ :

क) जिल्ला दैवीप्रकोप उद्धार समिति
ख) जिल्ला विकास समितिको कार्यालय
ग) जिल्ला प्राविधिक कार्यालय
घ) जिल्ला स्वास्थ्य कार्यालय
ङ) जिल्ला शिक्षा कार्यालय
च) सहरी विकास तथा भवन निर्माण भवन डिभिजन कार्यालय
छ) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु
ज) नागरिक समाजका प्रतिनिधिहरु
झ) शहरी विकास मन्त्रालयबाट खटिएको शिविर निर्माण तथा ब्यवस्थापन र खानेपानी वितरण र सरसफाइ ब्यवस्थापन टोली
ञ) उल्लेखित वाहेक आवश्यकता अनुसार अन्य कार्यालय तथा संघ संस्था तथा पदाधिकारीहरु ।

## ७. टोलीको सुरक्षा ब्यवस्था

टोलीमा खटिने कर्मचारीकरु सुरक्षा ब्यवस्थाको सम्पूर्ण जिम्मेवारी नेपाल प्रहरीले गर्ने । यसका लागि सम्वन्धित गा.वि.स. मा प्रहरी इकाइ भए सोही इकाइले सुरक्षा प्रदान गर्ने । प्रहरी इकाइ नभएका गा.वि.स. हरुमा एक चारको प्रहरी टोली खटाइ आवश्यक सुरक्षा ब्यवस्था गृहमन्त्रालयले नेपाल प्रहरीलाई आवश्यक निर्देशन दिनेछ ।

## ८. अनुगमन व्यवस्था

टोलीले गरेको कामको नियमित अनुगमन गर्ने कार्य जिल्ला दैवीप्रकोप उद्धार समितिले गर्नेछ । जिल्लाभित्र टोलीले सम्पादन गरेको कामको प्रतिवेदन प्रमुख जिल्ला अधिकारीले साप्ताहिक रुपमा मुख्य सचिवको सचिवालय र गृह मन्त्रालयमा गर्नुपर्नेछ ।

## ९. समयावधि

टोलीको कार्यावधि १ महिनाको हुनेछ । टोलीले आफुले सम्पादन गरेको कामको विवरण जिल्ला दैवीप्रकोप उद्धार समिति मार्फत गृह मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १०. निष्कर्ष

सबै क्षेत्रको सहयोग प्राप्त गरी आफूलाई सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक सम्पन्न गरी भूकम्पबाट प्रभावित समुदायलाई सहयोग पुऱ्याउनु टोलीको जिम्मेवारी हुनेछ । साथै टोलीको कार्यमा सहयोग पुऱ्याउन सबै सरोकारवाला निकायहरु तथा पदाधिकारीहरुको कर्तब्य हुनेछ ।

अनुसूची१-

**नेपाल सरकार**

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय...................... ,

## भूकम्पबाट भएको क्षतिको घरधुरीगत आधारभूत विवरण (व्यक्तिगत)

| **१.सूचना संकलकको विवरण :** | | | | |
|---|---|---|---|---|
| नाम, थर : | | | फोन नं/मोबाइल : | |
| पद र कार्यालय : | | | निरीक्षण मिति : | |
| **२. क्षति भएको गा.वि.स./न.पा. :** | | | वडा नं : | टोल : |
| **३. घरमूलीको नाम, थर** : | | | पेशा : | फोन नं/मोबाइल : |
| परिवार संख्या : | महिला : | पूरुष: | बालबच्चा : | बर्ष र महिना : |

**४. मानवीय क्षतिको बिवरण:**

**(क) मृतकको विवरण :**

| सि.नं. | नाम, थर | उमेर | पूरुष | महिला |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |
| ५) | | | | |
| | जम्मा | | | |

**(ख) बेपत्ता भएका व्यक्तिको विवरण :**

| सि.नं. | नाम, थर | उमेर | पूरुष | महिला |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| | जम्मा | | | |

**(ग) घाइते भएका व्यक्तिको विवरण :**

| सि.नं. | नाम, थर | उमेर | पूरुष | महिला | चोटपटकको प्रकृति | उपचार भएको स्थान | उपचाररत रहेको स्थान |
|---|---|---|---|---|---|---|---|
| १) | | | | | | | |
| २) | | | | | | | |
| ३) | | | | | | | |
| ४) | | | | | | | |
| ५) | | | | | | | |
| | जम्मा | | | | | | |

| **५. भौतिक क्षतिको विवरण :** | | | | | |
|---|---|---|---|---|---|
| **५.१ घर तथा गोठमा भएको क्षतिको विवरण** : संख्या ☐ कच्ची ☐ पक्की ☐ | | | | | |
| पूर्ण क्षति ☐ आंशिक क्षति ☐ सामान्य क्षति ☐ | | | | | |
| क) अनुमानित क्षति रकम : | | ख) मर्मत संभारको अनुमानित लागत : | | | |
| **५.२ चौपायाको मृत्यु** | भैसीं ☐ गाई/गोरु ☐ | खसी/बाख्रा/भेडा ☐ | सुँगुर/बँगुर ☐ | अन्य ☐ | |
| अनुमानित क्षति रकम : | | | | | |
| **५.३ खाद्यान्न क्षतिको विवरण** | धान/चामल परिमाण : ………………….. | गहुँ/मकै/कोदो परिमाण : …………………………. | अनुमानित क्षति रकम : ………………………………. | | |
| **५.४ अन्य क्षति** | | | | | |
| **६. हालसम्म पाएको राहत विवरण** | | | | | |
| नगद राहत<br>…………………………………. | खाद्य सामग्री<br>……………………….<br>……………………….<br>………………………. | अखाद्य सामाग्री (त्रिपाल, कम्बल, औषधी,अन्य)<br>……………………. ……………………. …………………….<br>……………………. ……………………. …………………….<br>……………………. ……………………. ……………………. | | | |
| **७. तत्काल आवश्यक सामग्री** | | | | | |
| त्रिपाल/टेण्ट<br>…………………………………. | खाद्य सामग्री<br>………………………. | कम्बल<br>……………………. | औषधी<br>……….. | भाँडाकुँडा<br>……….. | अन्य<br>……………. |
| **८. क्षतिग्रस्त घर/गोठको फोटो :** | | | | | |
| | | | | | |
| **९. अन्य आवश्यक कुराहरु :** | | | | | |
| **१०.बिवरण संकलकको दस्तखत:** | | | | | |
| **११. घरमूलीको दस्तखत :** | **ल्याप्चे सहीछाप** | **रोहवर (कम्तीमा २ जना) :** | | | |
| | | **नाम :** | **दस्तखत :** | | |

नेपाल सरकार, गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय, ....................................जिल्ला**

## सरकारी/सार्वजनिक संरचनाको क्षतिको विवरण

*गाविस वा नगरपालिकाको नाम:*

संरचनाको नाम उल्लेख गर्दा सार्वजनिक सेवाका सरंचनाहरुमा जस्तै: विद्यालय, खानेपानी, विद्युत, टेलिफोन, सिंचाई आदी उल्लेख गर्ने सरकारी कार्यालयहरु वा सार्वजनिक सेवाहरु जस्तै: स्वास्थ्य कार्यालय वा सरकारी अस्पताल, जिल्ला प्रशासन का., जिविस, नगरपालिका, प्रहरी का., इलाका वन कार्यालय, कृषि सेवा केन्द्र, बैंक वा वित्तीय संस्था आदीको स्पष्ट नाम उल्लेख गर्ने । साथै अस्पताल, शिक्षण संस्था जस्ता निजी क्षेत्रद्वारा सञ्चालित सार्वजनिक प्रकृतिको सेवा दिने संस्थाहरुको विवरण छुट्टै खुल्ने गरी देहायको ढाँचामा उल्लेख गर्ने ।

**क) सरकारी**

| क.स | संरचना रहेको वडा नं. | संरचनाको विवरण | | संरचना | | क्षतिको अवस्था | | | अनुमानित सेवाग्राहीको जनसंख्या | अनुमानित क्षति रकम रु. | मर्मत संभारको अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | किसिम (नाम) | सम्बन्धित कार्यालय | कच्ची | पक्की | पूर्ण | मर्मत गर्नुपर्ने अवस्था | सामान्य क्षति (मानिस बस्ने सक्ने वा चालु अवस्थामा) | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

**ख) निजी - निजी क्षेत्रबाट सञ्चालित (जस्तै बोर्डिङ्ग स्कुल, बैंक, स्वास्थ्य संस्था आदी)को विवरण**

| क.स | संरचना रहेको वडा नं. | संरचनाको विवरण | | संरचना | | क्षतिको अवस्था | | | अनुमानित सेवाग्राहीको जनसंख्या | अनुमानित क्षति रकम रु. | मर्मत संभारको अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | किसिम (नाम) | सम्बन्धित कार्यालय | कच्ची | पक्की | पूर्ण | मर्मत गर्नुपर्ने अवस्था | सामान्य क्षति (मानिस बस्ने सक्ने वा चालु अवस्थामा) | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |